# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित
खण्ड : ४ संख्या : ९ पौष १४ गते: २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग - २
## कृषि विकास सम्बन्धी कार्यविधि, २०७८

प्रस्तावना,

चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्र भित्र निर्वाहमुखि कृषि प्रणालीलाई विस्थापित गर्दा आधुनिक व्यवशायमुखी कृषि तथा पशुपालन व्यवशायलाई प्रोत्साहन गरी रोजगारीको लागि विदेश पलायन हुने युवाहरूलाई आफ्नै ठाँउमा रोजगारीको श्रृजना गर्न तथा आर्थिक स्थिती मजबुत बनाउन बाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगरकार्यपालिकाले कृषि विकास सम्बन्धी कार्यविधि, २०७८ बनाई लागु गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिकी

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "कृषि विकास सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि नगरकार्यपालिकावाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरकार्यपालिका सम्झनु पर्दछ ।

ख) "कृर्षि व्यवसाय" भन्नाले कृषि वाली, तरकारी वाली, पशुपंक्षीपालन, माछा पालन, फलफूल खेती आदी सम्झनु पर्दछ ।

ग) "कृषि पकेट क्षेत्र" भन्नाले नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्रका विभिन्न भुभागहरूलाई विशेषज्ञ अध्ययनको आधारमा विभाजित गरिएको क्षेत्र सम्झनु पर्दछ ।

घ) "नगरपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका सम्झनु पर्दछ ।



ङ) "प्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

च) "उपप्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज) "समिति" भन्नाले कार्यविधिको दफा ३ बमोजिम कार्य गर्न गठित समितिलाई सम्झनु पर्दछ ।

### परिच्छेद - १
### समिति गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

३. **समिति गठन सम्बन्धी व्यवस्था** : चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रभित्रका युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गरी रोजगारी श्रृजना साथसाथै नगरपालिकाको समग्र आर्थिक विकासको आधार कृषि क्षेत्रको विकास गर्न कृषि क्षेत्र अन्तर्गत योजना छनौट, सञ्चालन तथा कार्यान्वयन, कर्मचारी नियुक्ति तथा व्यवस्थापन गर्न देहाय बमोजिम एक नगरस्तरीय समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क) नगरपालिकाको नगर प्रमुख | -अध्यक्ष |
| ख) नगरपालिकाको उपप्रमुख | - सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| घ) आर्थिक विकास समितिको संयोजक | -सदस्य |
| ङ) नगर प्रमुखले कार्यपालिकाको सदस्यमध्यवाट मनोनित महिला सदस्य | -सदस्य |
| च) कृषि/पशु शाखा प्रमुख | -सदस्य |
| छ) कृषि/पशु शाखा प्रमुख | -सदस्य सचिव |

माथि दफा ३ को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भएता पनि कृषि शाखासँग सम्बन्धित विषयको बैठक बस्दा कृषि शाखा प्रमुख सदस्य सचिव भई काम गर्ने तथा पशु शाखा सँग सम्बन्धित विषयको बैठकमा पशु शाखाको प्रमुखले बैठकको सदस्य सचिव भई काम गर्नु पर्नेछ ।

४. **समितिका काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था** : दफा ३ बमोजिम गठित समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) नगरक्षेत्र भित्र रहेको उत्पादनशिल भुमीको वर्गिकरण गर्ने,

ख) सम्पुर्ण नगरक्षेत्रको उत्पादनयोग्य जग्गाको माटो परिक्षण गरी बैज्ञानिक ढंगवाट खेति गर्ने व्यवस्था गर्ने,

ग) विभिन्न समयमा कृषकहरूलाई आवश्यक पर्ने तालिमहरूको व्यवस्था गर्न सिफारिस गर्ने
,

घ) कर्मचारी नियुक्ति तथा व्यवस्थापन,

ङ) आवश्यक अन्य कार्य गर्ने ।

### परिच्छेद -२
### कृषि पकेट क्षेत्र निर्माण सम्बन्धी व्यवस्था

५. **कृषि पकेट क्षेत्र निर्माण गरिने** : (१) नगरपालिका क्षेत्र भित्र परम्परागत रूपमा निर्वाहमुखी रूपमा सञ्चालनमा रहेको कृषि पेशालाई व्यवशायिक बनाई आर्थिक रूपान्तरण गर्न नगरपालिकाका विभिन्न

भुभागलाई आवश्यक बैज्ञानिक प्रविधि मार्फत देहाय बमोजिम कृषि पकेट क्षेत्र निर्माण गरिनेछ ।
क) पशु पंक्षी तथा माछा पालन पकेट क्षेत्र,
ख) कृषि वाली पकेट क्षेत्र,
ग) फलफूल पकेट क्षेत्र,
घ) मसला जन्य वाली पकेट क्षेत्र ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिने कृषि पकेट क्षेत्रहरूको निर्माण विशेषज्ञ प्राविधिकको अध्यन प्रतिवेदनको आधारमा गरिनेछ ।

**६. माटो परिक्षण गरिने :** कार्यविधिको दफा ५ बमोजिम कार्य गर्न नगरपालिकाले विशेषज्ञ प्राविधिकहरूवाट आधुनिक उपकरणको प्रयोग गरी नगर क्षेत्र भित्र रहेका सबै क्षेत्रको माटो तथा हावापानी को परीक्षण गर्ने व्यवस्था गर्नेछ ।

**७. विशेषज्ञ सेवा खरिद गर्न सकिने :** नगरपालिकाले कृषि क्षेत्रको विकास गर्न आवश्यक कानूनी प्रकृया पुरा गरी सम्बन्धित कृषि विषयका विशेषज्ञ प्राविधिकहरूको सेवा खरिद गरि कार्य गर्न सक्नेछ ।

## परिच्छेद - ३
## कृषि समुह/सहकारी गठन, अनुदान तथा तालिम सम्बन्धी व्यवस्था

**८. कृषि समुह/सहकारी गठन गरिने :** (१) नगरपालिका क्षेत्र भित्र कार्यविधिको दफा ५ बमोजिम निर्माण गरिएका कृषि पकेट क्षेत्रहरूमा सामुहिक कृषि व्यवशाय सञ्चालन गर्ने उद्धेश्यले सम्बन्धित क्षेत्रका कृषकहरूको सहभागितामा कृषि समुह तथा सहकारीहरू गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका कृषि समुह, सहकारी तथा कृषि फर्महरूले आवश्यक कानूनी प्रकृया पुरा गरी नगरपालिकामा दर्ता हुनु पर्नेछ र त्यसरी दर्ता हुन आएका कृषि समुह, सहकारी तथा फर्महरूलाई तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची - १ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकामा दर्ता भएका समुह/सहकारी/फर्मले प्रत्येक आ.व.अषाड मसान्त भित्र चामुण्डाविन्द्रासैनी नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरेको शुल्क तिरी नविकरण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तोकिएको समयभित्र नविकरण नगर्ने समुह/सहकारी/फर्महरूको हकमा जरिवाना स्वरूप थप रू. १५०० लिई कार्यालयले नविकरण गर्न सक्नेछ ।

**९. अनुदान सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाको क्षेत्रभित्र कृषि पेशालाई व्यवशायीकरणको माध्यमवाट रोजगारी श्रृजना गर्ने तथा सबै नगरवासीहरूको आगामी दिनहरूमा आर्थिक बृद्धि हुने गरी विभिन्न माध्यमवाट परम्परागत कृषि पेशालाई व्यवशायिक पेशाको रूपमा अंगाल्ने कृषकहरूलाई नगरपालिकाको मुल्याङ्ककनको आधारमा आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्दा नगरपालिकाले निर्धारण गरे बमोजिम सबै पकेट क्षेत्र भित्र गठन गरिएका कृषि समुह/सहकारी तथा कृषि फर्म हरूलाई स्थलगत अनुगमन तथा मुल्याङ्कन र त्यस्ता समुह, सहकारी तथा फर्महरूको प्रगति प्रतिवेदनको तथा समुह, सहकारी तथा फर्महरूको प्रस्तावना र मागको आधारमा नगरपालिकाले साझेदारीमा सञ्चालन हुने गरी कृषि अनुदान प्रदान गर्न सक्नेछ ।

**१०. तालिम सम्बन्धी व्यवस्था :** कार्यविधि बमोजिम गठन भई नगरपालिकामा दर्ता भएका कृषि समुह, सहकारी तथा फर्महरूलाई विभिन्न समयमा उनीहरूको प्रस्तावना तथा मागको आधारमा विशेषज्ञ प्राविधिकहरूवाट तालिमको व्यवस्था गर्नु पर्नेछ ।



## परिच्छेद- ४
## प्राविधिक जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्था

**११. एक वडा एक प्राविधिक नियुक्त गरी परिचालन गर्न सक्ने :** (१) नगरपालिकाले सबै वडाहरूमा कृषि क्षेत्रको समग्र विकास लाई मध्यनजर गरी प्रत्यक वडामा कृषि तथा पशु सेवा सञ्चालन गर्न एक एक जना कृषि तथा पशु प्राविधिक नियुक्त गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचालन हुने कृषि प्राविधिकहरूले खटाईएको क्षेत्रमा रही घरदैलो सेवा समेत उपलब्ध गराउनु पर्नेछ ।

**१२. आवश्यक प्रकृया पुरा गर्नु पर्ने :** (१)कार्यविधिको दफा ११ बमोजिम एक वडा एक प्राविधिक नियुक्त गर्दा आवश्यक कानूनी प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमवाट नियुक्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रकृयावाट नियुक्त भएका एक वडा एक प्राविधिकहरूको सेवा सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१३. एक वडा एक प्राविधिकको योग्यता :** नगरपालिकाको कृषि क्षेत्रको विकासका लागि कार्यालयले परिचालन गर्ने कृषि प्राविधिकहरूको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।
क) मान्यता प्राप्त शिक्षण सँस्थावाट टि.एसएलसी उत्तिर्ण भएको,
ख) ३५ वर्ष उमेर ननाघेको,
ग) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको,
घ) कुनै पनि राजनीतिक पार्टीको सदस्य नरहेको,
ङ) अन्य तोकिएको मापदण्ड पुरा भएको ।

**१४. निर्धारित कार्य जिम्मेवारी पुरा गर्नु पर्ने :** कार्यविधिको दफा ११ को उपदफा (१) बमोजिम वडामा परिचालन हुने प्राविधिकहरूले देहाय बमोजिम कार्यजिम्मेवारी बहन पुरा गर्नुपर्ने छ ।
क) आफ्नो वडामा भएका सबै पशुपंक्षीको तथयाङ्क संकलन गर्ने,
ख) वडामा रहेका कृषकहरू मध्यवाट अगुवा कृषक छनौट गर्ने,
ग) कृषि तथा पशुपालन कृषक समुह गठन गर्ने,
घ) कृषकका आवश्यकता पहिचान र तिनको समस्या समाधान,
ङ) कृषि तथा पशुपंक्षी सम्बन्धी निरन्तर तालिम सञ्चालन अथवा घरदैलो सेवा,
च) कृषकहरूको सुचीकरण,
छ) कृषि तथा पशु सेवा शाखा सँगको समन्वयमा नियमित रूपमा विभिन्न माहामारी विरूद्ध औषधी वितरण,
ज) वडामा निरन्तर रूपमा अभिमुखीकरण गोष्ठी सञ्चालन,
झ) वडा सँग समन्वय गरी किसान प्रोत्साहन कार्यक्रम सञ्चालन,
ञ) मासिक रूपमा प्रगति प्रतिवेदन तयार गरी नगर कृषि तथा पशु सेवा शाखामा पेश गर्ने,
ट) अन्य तोकिए बमोजिमका कार्य गर्ने ।

**१५. पदपूर्ति समिति सम्बन्धी व्यवस्था :** (१) एक वडा एक प्राविधिक नियुक्तिको लागि आवश्यक प्रकृया यस नगरपालिकाको नगर स्तरीय पदपुर्ति समितिले पूरा गर्नेछ र सो को लागि पदपुर्ति समितिले सम्बन्धित विशेषज्ञ समेतको सहभागितामा छनौट तथा सिफारिस समिति गठन गर्न सक्नेछ ।

(२) एक वडा एक प्राविधिकको परिक्षा सञ्चालन सम्बन्धी सम्पूर्ण प्रकृया पदपूर्ति समितिले

निर्धारण गरे बमोजिम हुनेछ ।

**१६. एक वडा एक प्राविधिकको पदवाट हटाउन सकिने :** (१) नगरपालिकाले नियुक्ति गरेका एक वडा एक प्राविधिकको सेवा प्रवाहमा कुनै लापरवाही गरेको पाईएमा तथा त्यस्ता प्राविधिकको हकमा सम्बन्धित कार्यक्षेत्रका कृषकहरूवाट वा अन्य कुनै क्षेत्रवाट प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी प्राप्त भएमा त्यस्ता प्राविधिक कर्मचारीहरूलाई प्रमुख प्रशासकीय अधिकृतले सेवावाट हटाउन सकिनेछ ।

(२) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्ता एक वडा एक प्राविधिकलाई आफ्नो सफाई लिने मौकावाट बन्चित गरिने छैन ।

## परिच्छेद - ५
## विविध

**१७.कृषि मेलाको व्यवस्थापन :** नगरपालिकाका विभिन्न क्षेत्रहरूमा निरन्तर रूपमा कृषि मेला पर्दशनीको लागि आवश्यक व्यवस्थापन गरिनेछ र उक्त कार्यका लागि सम्बन्धित कृषि पकेट क्षेत्रका कृषि समुह तथा सहकारीहरूले आयोजना गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१८. घुम्ती सिविर सञ्चालन गरिने :** नगरपालिकाका सबै क्षेत्रहरूमा कृषकहरूको माग बमोजिम नगरपालिकाको कृषि/पशु शाखावाट घुम्ती सिविर सञ्चालन गरिनेछ ।

**१९. संशोधन गर्न सक्ने :** यस कार्यविधिमा आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

२०. स्वतः खारेज हुने : **यो कार्यविधि तथा यसका दफा संघ तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म** स्वतः खारेज भएको मानिनेछ ।




दर्ता नं.
आ. व.

**अनुसूची - १**
(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)
चामुण्डाविन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय जम्वूकाँध, दैलेख कर्णाली प्रदेश, नेपाल
**कृषि/पशु समुह,सहकारी तथा फर्म दर्ता प्रमाण-पत्र**

दैलेख जिल्ला चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. .......मा ..............................समुह/सहकारी/फर्म गठन भई मिति ................. मा यस कार्यालयको दर्ता सूचीमा दर्ता हुन गएकोले यो प्रमाण -पत्र प्रदान गरिएको छ ।

............................ ..............................
कृषि/पशु शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

| समुह/सहकारी/फर्मको नाम | नविकरण मिति | नविकरण दस्तुर | जरिवाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



आज्ञाले
तिलक वि.क.
नि.प्रमुख प्रशासकीय अधिकृत